गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०७९।०७।०५ गतेका दिन गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको आ.व. २०७९।८० को पाँचौ (९२ औं) बैठक गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको बैठक कक्षमा वस्यो । उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

<u>उपस्थिति</u>

| क.स. | पदाधिकारीज्युहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोप मान गुरुङ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री यम वहादुर थापा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राजुवावु भण्डारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री पहलमान वयलकोटी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तुल वहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री कोकिल वहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री अ माया राना | कार्यपालिका सदस्य | अ माया |
| १३ | श्री कुन्ति माया प्रजा | कार्यपालिका सदस्य | कुन्ती |
| १४ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १६ | श्री लक्ष्मी वाग्दस | कार्यपालिका सदस्य | |
| १७ | श्री रिजेश उपरकोटी | प्रमुख प्रशासकीय अधिकृत | |

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

CS CamScanner

र्णयहरु

स्ताब नं. १ उपभोक्ता समिति योजना सम्बन्धमा ।

र्णय नं. १

ालु आ.व. २०७९।८० मा कार्यान्वयन गर्ने गरी गण्डकी गाउँपालिकाको दशौंगाउँ सभावाट स्वीकृत योजनाहरु मध्ये उपभोक्ता समितिवाट सञ्चालन गर्ने गरी तय भएका योजनाहरु संझौता गरी कार्यान्वयन प्रकिया अघि वढाउने सम्बन्धमा स अघिको कार्यापालिका बैठकवाट समय सीमा निर्धारण गरी अभिमुखिकरण गोष्ठी आयोजना गर्ने र विजया दशमी अगावै विशेष परिस्थिति वाहेकका अन्य सवै योजनाहरुको संझौता प्रकिया सम्पन्न गर्ने भनिएको भएता पनि यस अवधिसम्म अधिकाँश वडाहरुमा प्राविधिक लागत अनुमान तयारी, उपभोक्ता समिति गठन र संझौता लगायतका कार्यहरु प्रभावकारी ढंगवाट हुन सकेको पाइएन । यस्तो अवस्थामा तोकिएको समय सीमा भित्र योजनाहरुको कार्यसम्पन्न भई फर्छ्यौट एवं भुक्तानी प्रकियामा समस्या हुने देखिएकोले चालु कार्तिक मसान्त भित्र स्वीकृत सवै योजनाहरुको प्राविधिकवाट लागत अनुमान तयार गरी सक्ने र उपभोक्ता समितिवाट सञ्चालन गरिने वडा गौरव लगायतका सवै योजनाहरुको अनिवार्य रुपमा संझौता गर्ने कार्य सम्पन्न गरी द्रुत गतिमा निर्माण कार्य अघि वढाई आगामी चैत्र महिना भित्र सवै योजनाहरु गुणस्तरीय ढंगले कम्तिमा ९० प्रतिशत र वैशाख महिना भित्र शत प्रतिशत कार्य सम्पन्न गर्ने गरी कार्य प्रकृया अघि वढाउन आवश्यक निर्देशन दिने र साथै वडा गौरवका ठेक्का मार्फत भएका योजनाहरुको समेत वडा समितिको सिफारिस र अनुगमन प्रतिवेदन अनिवार्य संलग्न गरी भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

प्रस्ताब नं. २ कार्यविधिहरु सम्बन्धमा ।

निर्णय नं. २

चालु आ.व. २०७९।८० का लागि गाउँ सभावाट स्वीकृत भएका विभिन्न कार्यकमहरु कार्यान्वयनका लागि कार्यापालिकाको कार्यालयवाट तयार गरी आजको यस बैठकमा पेश हुन आएका तपसिल बमोजिमका कार्यविधिहरु उपर छलफल भई निम्नानुसार कार्यविधिहरु स्वीकृत गर्ने र सोही कार्यविधि वमोजिम कार्यकमहरु कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

तपसिल

क) आर्थिक सहायता कार्यविधि, २०७९
ख) कर्मचारीहरुलाई कार्यसम्पादन सूचकमा आधारित प्रोत्साहन भत्ता उपलव्ध गराउने मापदण्ड , २०७८
ग) नवप्रवर्तन साझेदारी कोष कार्यकम अन्तर्गत प्रविधिमैत्रि राजश्व सुधार कार्यकम कार्यान्वयन कार्यविधि, २०७९
घ) महिला , बालबालिका तथा जेष्ठ नागरिकका लागि वार्षिक कार्यकम सञ्चालन कार्यविधि, २०७९
ङ) डेरी संचालन अनुदान कार्यकम कार्यविधि, २०७९
च) गरिवि निवारणका लागि लघु उद्यम विकास वार्षिक कार्यकम, २०७९

प्रस्ताब नं. ३) गण्डकी गाउँपालिका सर्वोच्च अदालतको रिट सम्बन्धमा ।

निर्णय नं. ३

गोरखा जिल्ला, साविक भम्लिचोक गा.वि.स. वडा नं. ४ को हाल गण्डकी गाउँपालिका वडा नं. ६ वस्ने किस्न वहादुर रानाको श्रीमती डिलमाया राना (थापा मगर) समेत जना ४ ले यस गण्डकी गाउँपालिका, कार्यपालिकाको कार्यालय, गोरखा–१, गोरखा जिल्ला गण्डकी गाउँपालिकाको गाउँसभा–१ र गोरखा जिल्ला गण्डकी गाउँपालिका अध्यक्ष–१ समेतका उपर सम्मानित सर्वोच्च अदालत समक्ष दायर भएको उत्प्रेषणयुक्त परमादेश समेत (रिट नं.०७९–WO–०२७७) को रिट निवेदन प्रस्तुत गरेको जानकारी रिट निवेदनको प्रतिलिपी सहितको १५ दिने म्याद मिति २०७९/०६/२८ मा प्राप्त भएवाट थाहा जानकारी भई कानून वमोजिम लिखित जवाफ प्रस्तुत गरी तारेखमा रहि मुद्दाको पुर्पक्ष गर्ने लगायत अन्य जे जो गर्नुपर्ने सम्पूर्ण कार्य गर्नको लागी गोरखा जिल्ला, गण्डकी गाउँपालिकाको अध्यक्ष दिपक तिमिल्सिनालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

रिजेश उप्रेती
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

) विविध...............

१) वडा स्तरवाट छनौट भई निर्णय भएका पूर्वाधारजन्य योजनाहरुमा वडाको सिफारिस एवं प्राविधिक लागत ुमानका आधारमा प्रधानमन्त्री रोजगार कार्यक्रमको वजेट म्याचिङ गरी सञ्चालन गर्न वडा समितिवाट सिफारिस हेत आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

२) गण्डकी गाउँपालिकाको स्वामित्वमा रहेको व्याक होय लोडर (जेसीवी) सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा उँपालिका इन्जिनियर श्री तुलसी घिमिरेलाई सम्पर्क व्यक्तिको रुपमा तोक्ने र यान्त्रिक साधन सञ्चालन कार्यविधि, ।७८ बमोजिम गठित समितिले आवश्यक कार्यविधि परिमार्जन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

३) गण्डकी गाउँपालिका वडा नं. १ बुटार स्थित बुट्टार सिंचाई कुलो मर्मत संभारका लागि तत्काल ह्युम पाईप खरिद । व्यवस्थापन गर्न विपद व्यवस्थापन शीर्षकवाट रु. २५००००।– (दुई लाख पचास हजार ) विनियोजन गर्ने निर्णय यो ।

४) शुभ दिपावली २०७९ एवं छठ पर्वको पावन अवसरमा गण्डकी गाउँपालिकावासी एवं स्वदेश तथा विदेशमा रहनुहुने स्त नेपाली दाजु भाई दिदी वहिनीहरु प्रति आजको यस बैठक हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गर्दछ ।

प्रमाणित
२०७९।०७।०५
रिजेश उप्रेकोटी
प्रमुख प्रशासकीय अधिकृत